नेपाल सरकार

# सङ्घीय मामिलातथा स्थानीयविकास मन्त्रालय

फोन ४२००४७४

सिंहदरबार, काठमाण्डौ

(स्थानीय राजस्व परिचालनशाखा)

पत्र संख्या:-०७२/७३।१।पर्।(पत्र)

चलानी नं.:- १४

मिति २०७२/०४/२९

विषय: मालपोत मिन्हा सम्बन्धमा ।

✓ श्री जिल्ला विकास समितिको कार्यालय-७५

श्री महा/उप महा/नगरपालिकाको कार्यालय-१९१

प्रस्तुत विषयमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट "हालै गएको भूकम्पले पुर्‍याएको क्षतीबाट प्रभावित क्षेत्रका भूकम्प पीडित कृषकहरुलाई आर्थिक बर्ष २०७१।०७२ र २०७२।०७३ को मालपोत मिन्हा गर्ने " भनि पेश भएको प्रस्तावमा मिति २०७२।२।२२ को मन्त्रिपरिषदको बैठकबाट " भूकम्प पीडित परिचय पत्रका आधारमा मालपोत मिन्हा गर्ने गरी अरु प्रस्तावमा लेखिए बमोजिम गर्ने" भनि निर्णय भएकाले निर्णय कार्यान्वयनका लागि च.न. १२१ मिति २०७२।४।१४ को पत्रबाट लेखि आएकोले लेखि आए बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(विष्णुप्रसाद रेग्मी)
उप सचिव

बोधार्थ :

श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

श्री सूचना तथा विद्युतिय शासन शाखा
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय : उपरोक्तानुसारको पत्र वेभ साइटमा राखिदिनु हुन अनुरोध छ ।

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

विषय : मालपोत मिन्हा गर्ने बारे।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति: २०७२।०२।१८

१. **विषयको संक्षिप्त व्यहोरा** :

हालै गएको विनासकारी भूकम्पले पुऱ्याएको क्षतिबाट प्रभावित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने सरकारको प्रतिबद्धता रहेको । सम्माननीय प्रधानमन्त्रीबाट व्यवस्थापिका संसदको अधिवेशनमा भएको संबोधन र व्यवस्थापिका संसद्को बैठकबाट २०७२ बैशाख ३० गते पारित संकल्प प्रस्तावको आधारमा नेपाल सरकारले तयार गरेको कार्य योजनाको बुँदा नम्बर १६ को (ग) मा भूकम्प प्रभावित क्षेत्रका कृषकहरुलाई राहत स्वरुप मालपोत मिन्हा दिने उल्लेख भएको । मालपोत ऐन, २०३४ को दफा २१ मा दैवी प्रकोप समेतका कारणले बाली हुन नसकेमा नेपाल सरकारले मालपोत मिन्हा गर्न सक्ने प्रावधान रहेको ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा** :

अर्थ मन्त्रालयको प.सं. ०७१/०७२रा.टि.फा.२०(१४) च.नं. १००४ मिति २०७२/०२/१८ को पत्रबाट भूकम्प पिडीत परिवारहरुको लागि परिचय-पत्र दिने व्यवस्था गर्ने भएमा परिचय-पत्र प्राप्त गर्ने वा प्रत्यक्ष रुपमा बालीनाली मात्र क्षति भएकाहरुलाई उल्लेखित आ.व. हरुको राहत स्वरुप मिन्हा दिने विषयमा मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न सहमति प्राप्त भएको ।

३. **प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिस** :

हालै गएको विनासकारी भूकम्पले पुऱ्याएको क्षतिबाट प्रभावित क्षेत्रका भूकम्प पिडित कृषकहरुलाई आर्थिक बर्ष २०७१/०७२ र २०७२/०७३ को मालपोत मिन्हा गर्न नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न माननीय विभागीय मन्त्रीबाट मिति २०७२।०२।१८ मा स्वीकृति प्राप्त भएकोले यसै प्रस्तावको प्रकरण ४ मा उल्लेख भए बमोजिम निर्णयको निमित्त नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूची -१ को विषय संख्या-७ बमोजिम यो प्रस्ताव पेश गरेको छु ।

४. **निर्णय हुनुपर्ने व्यहोरा** :

हालै गएको विनासकारी भूकम्पले पुऱ्याएको क्षतिबाट प्रभावित क्षेत्रका भूकम्प पिडित कृषकहरुलाई आर्थिक बर्ष २०७१/०७२ र २०७२/०७३ को मालपोत मिन्हा गर्ने।

मिति: २०७२/०२/१८

(लोकदर्शन रेग्मी)
सचिव

श्री सचिव,
भूमि सुधार तथा व्यवस्था मन्त्रालय ।

मालपोत मिन्हा गर्ने विषयको भूमि सुधार तथा व्यवस्था मन्त्रालयको नं. ९/५-०७२/२/१८ को प्रस्ताव – मं.प.बै.सं. १७।०७२ मिति २०७२।२।२२ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

<u>नेपाल सरकारको निर्णय</u> –

"भूकम्प पीडित परिचयपत्रका आधारमा मालपोत मिन्हा गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

(लीलामणि पौड्याल)
मुख्यसचिव
२०७२।२।२२

भूमिसुधार तथा व्यवस्था मन्त्रालय
सिंहदरबार, काठमाडौं

उप-सचिव